समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

| | | | |
|---|---|---|---|
| बैठक मिति: | २०८०/०३/२३ | | बैठक संख्या: ३० |
| बैठक प्रारम्भ समय: | विहानको ८:०० बजे | बैठक समापन समय: | बजे |

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. संघीय भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ अनुसार यस खाँदबारी नगरपालिका क्षेत्रभित्रको जग्गा वर्गीकरण कार्यसम्पन्न भएको र भू-उपयोग योजना निर्माण कार्य पनि पूरा भईसकेको सन्दर्भमा सम्बन्धित वडाको सिफारिससाथ जग्गा स्तरीकरण गरी आएकोमा आगामी आर्थिक बर्ष २०८०/८१ मा नगरपालिकाले एकीकृत सम्पत्तीकर लिने प्रयोजनका लागि कृषियोग्य जमिनको लागि गत आर्थिक बर्षको दररेट नै यथावत गरी व्यवसायिक र आवासीय प्रयोजनका लागि निर्धारित जग्गामा गत बर्षको दररेटमा क्रमश: १५ र १० प्रतिशतले बृद्धी गरेर दररेट निर्धारण गरी आगामी नगरसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

२. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको च. नं. १४०४ मिति २०८०/०३/१० गतेको पत्रानुसार खेन्पालुङ बृहत साँस्कृतिक सम्मेलन तथा पुस्तक प्रकाशन कार्य भनी रु. ६ लाख रकमको अख्तियारी प्राप्त भएको, खर्चको प्राप्त अख्तियारी पत्रको आधारमा यस कार्यालय र खेन्पालुङ अध्ययन तथा अनुसन्धान केन्द्र, नेपाल नामक संस्थाबीच कार्यक्रम सञ्चालनको लागि मिति २०८०/०३/१२ गते सम्झौता भई उक्त संस्थाबाट मिति २०८०/०३/१७ गते रकम भुक्तानीका लागि माग भई आएकोमा उक्त कार्यक्रमको अनुगमन गर्न नगरस्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिमा पेश हुँदा उक्त समितिले सम्झौता मिति, कार्यक्रम सञ्चालनको समयतालिका र कार्यक्रमको बिषयवस्तु तथा पेश गरेका सम्पूर्ण कागजातका आधारमा पक्षहरुको अध्ययन गर्दा यस कार्यक्रमको भुक्तानीको लागि निर्णयार्थ कार्यपालिकामा पेश गर्न मनासिब देखिएको भन्ने राय पेश गरेको हुनाले उक्त कार्यक्रमको रकम प्राप्त बीलको आधारमा रु. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

३. चालु आर्थिक बर्ष २०७९/८० मा संघीय सरकारबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री बागिश्वरी माध्यमिक विद्यालय, ढुङ्गेधाराका लागि चारकोठे भवन र श्री सरस्वती माध्यमिक विद्यालय, माल्टाका लागि दुईकोठे भवन निर्माणका लागि बजेट प्राप्त भएको, उक्त निर्माण कार्यका लागि सम्बन्धित विद्यालयहरुसँग विभिन्न मितिमा सम्झौता भएको आधारमा विद्यालयहरुले निर्माण कार्य गर्ने सन्दर्भमा समयमा कार्यसम्पन्न गर्न ढिला भएको भए पनि बाँकी रकम समेत निकासा हुने व्यवस्था मिलाई विद्यालयको खाता रोक्का गरी कार्य प्रगतिका आधारमा रकम फुकुवा गरीदिने व्यवस्था मिलाई दिनुहुन भनी अनुरोध भई आएको, योजना शाखाबाट

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समेत योजना सञ्चालन गर्न अख्तियारी ढिला प्राप्त भएको, ड्रइङ डिजाइन लगायतका बिषयमा यकिन भई समयमा नै नआएको, विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भई पुनर्गठन गर्नुपर्दा सम्झौता कार्य ढिला भएको, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपका कारण निर्माण सामाग्री सहज रुपमा आपुर्ति तथा ढुवानीमा समस्या आएको समेतका कारणहरुले निर्माण कार्य समयमा सम्पन्न हुन नसकेकोमा यस अघि पेश्की स्वरुप उपलब्ध गराईएको ५० प्रतिशत रकम सहित स्वीकृत सम्पूर्ण रकम निकासा गरी सम्बन्धित विद्यालयहरुको खाता रोक्का राखी प्रगतिको आधारमा रकम फुकुवा गर्दै जान उपयुक्त देखिएको राय प्राप्त भएको सन्दर्भमा उपरोक्त विद्यालयहरुको लागि विद्यालय भवन निर्माणको लागि संघीय सरकारबाट प्राप्त रकमलाई सम्बन्धित विद्यालयको खातामा पेश्की स्वरुप निकासा गरी कार्य प्रगतिका आधारमा फुकुवा गरी दिने निर्णय गरियो ।

४. आगामी आर्थिक बर्ष २०८०/८१ मा श्रोतको व्यवस्थापन गरी निम्न योजना तथा कार्यक्रमहरु प्राथमिकताकासाथ कार्यान्वयन गर्न नगरसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

१. खेमराज गुरुङको शालिक निर्माण कार्य
२. विदुषी योगमायाको शालिक निर्माण कार्य
३. बहुजातीय पहिचान झल्किने स्तम्भ निर्माण कार्य
४. पत्रकार महासंघको भवन निर्माण कार्य
५. खाँदबारी पदमार्ग निर्माण कार्य
६. खाँदबारी, मानेभञ्ज्याङ र तुम्लिङटारको हाटबजार, सार्वजनिक शौचालय तथा पार्क सरसफाई तथा व्यवस्थापन कार्य
७. मकालु साहित्य समाजका विविध साहित्यिक तथा साँस्कृतिक कार्यक्रममा सहयोग
८. विपद् व्यवस्थापन कार्य
९. मर्मतसम्भार कार्य
१०. सडक मर्मतसम्भारका लागि मेशिनरी औजार भाडामा लिने कार्य
११. पार्किङ व्यवस्थापन कार्य
१२. मेयर छात्रबृत्ती कार्यक्रम
१३. ढोलबाजे फुटट्रेल निर्माण कार्य
१४. पारुहाङ सुम्निमा पार्क निर्माण कार्य, वडा नं. ४ पांमा
१५. रुपचन्द्रे भन्ज्याङदेखि माझगाउँ हुँदै माल्टा जाने मोटरबाटो जोड्ने सडक स्तरोन्नती

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

सर्वराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

१६. बारुणयन्त्रका लागि पानीट्याङ्की निर्माण कार्य

१७. उत्तर- दक्षिण कोशी सडकको लगत कट्टा कार्य

१८. नरबहादुर कर्माचार्य स्मृती प्रतिष्ठानलाई युवा सशक्तीकरण कार्यक्रम

१९. खानेपानी मुहान व्यवस्थापन तथा जग्गा खरिदका लागि ऋण सहयोग

२०. तुम्लिङटार एयरपोर्ट टर्मिनल भवनमा पर्यटक सूचना केन्द्र स्थापना कार्य

२१. नगरपालिकाका विभिन्न स्थानमा सीसी क्यामरा जडान कार्य

२२. खेलकुद कार्यक्रम

२३. विभिन्न देशका स्थानीय सरकारसँग सम्बंन्ध विस्तार

२४. कफी खेतीका लागि बिरुवा खरिद तथा वितरण कार्य

२५. एक वडा एक कृषि तथा पशुसेवा प्राविधिक व्यवस्थापन कार्य

२६. सिलिचोङ वस्तीलाई नमूना वस्तीको रुपमा विकास गर्ने योजना

२७. नगरक्षेत्रका मुख्य-मुख्य चोकहरुमा फ्रि वाइफाई व्यवस्थापन कार्य

२८. वडा नं. १ को भवन निर्माण कार्य

२९. सभाखोलादेखि छयाङकुटीसम्म हरित सडक कार्यक्रम

३०. हरेक वडामा डिजिटल डिस्प्ले व्यस्थापन कार्य

३१. रुद्राक्ष तालिम

३२. मौरीको घार वितरण कार्य

३३. चेवा चारबर र पांठाको वडा कार्यालयमा स्वास्थ्य इकाई स्थापना कार्य

३४. कुलुङ जातिको भाषा संस्कृति संरक्षण कार्य

३५. लोहोरुङ भाषा पुस्तक प्रकाशन

३६. ज्याकेट र झोला सिलाई कटाई तालिम

३७. सडकवत्ती व्यवस्थापन कार्य

३८. सहभागितामूलक रणनीतिक योजना तर्जुमा कार्य

५. चालु आर्थिक बर्ष २०७९/८० मा संघीय सरकारको सशर्त अनुदान अन्तर्गत बैकल्पिक उर्जा कार्यक्रमको लागि प्राप्त बजेटबाट नगरपालिका क्षेत्रमा गोबरग्याँस जडानको लागि श्री अग्नी उर्जा इन्जिनियरिङ कम्पनी प्रा. लि., सुन्दरहरैंचा, मोरङसँग सम्झौता भएको, उक्त कम्पनीले कार्यसम्पादन गर्ने समयमा नगरपालिकासँग कुनै समन्वय

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

नगरेको र लामो समयसम्म सम्पर्कमा नआएको कारण उक्त कार्यक्रमको लागि प्राप्त बजेट सौर्य सडकबत्ती जडानका लागि सम्झौता गरी कार्यसम्पन्न भएको अवस्थामा हाल गोबरग्याँस जडान गर्ने भनी सम्झौता गरेको कम्पनीले कार्यसम्पन्न गरी सकेकोले भुक्तानी पाउँ भनी सम्बन्धित वडा कार्यालयको सिफारिस समेत लिई पेश गरेको तर उक्त कार्यको स्थलगत निरीक्षण गर्ने, प्राविधिक प्रतिवेदन तयार गर्ने र अनुगमन समेत गरी भुक्तानी गर्न समय अभाव हुने देखिएको साथै उक्त बजेट समेत अर्कै कार्यका लागि खर्च भईसकेको कारण गोबरग्याँस निर्माण गर्ने कार्यको सम्झौताको म्याद आगामी भाद्र मसान्तसम्म थप गरी सो अवधिसम्म स्थलगत अनुगमन निरीक्षण गरी प्राविधिक मूल्याङ्कन समेतको आधारमा आगामी आर्थिक बर्षमा नगरपालिकाको श्रोतबाट भुक्तानी दिने निर्णय गरियो।

६. चालु आर्थिक बर्ष २०७९/८० मा नगर प्रमुख कार्यक्रम, नगर उपप्रमुख कार्यक्रम, मर्मतसम्भार कोष तथा अन्य विभिन्न कोषहरुबाट कार्यपालिकाले नगरप्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गरेबमोजिम टिप्पणी मार्फत निर्णय गरी कार्यान्वयन गरेका निम्न योजना तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो साथै त्यस्ता आयोजनाहरुको भुक्तानी बाँकी भएमा आगामी बर्षमा दायित्व सारी भुक्तानी दिने निर्णय गरियो।

**चालु आ.व. २०७९/८० को योजना तथा कार्यक्रममा समावेश नभएका टिप्पणी आदेशबाट स्वीकृत भई कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको विवरण**

| सि.नं. | योजनाको नाम | वडा | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| 1. | प्रेम राईको घरबाट राज लिम्बुको घरसम्मको बाटोमा तथा वाङ्डुक भोटेको घर अगाडी पहिरो नियन्त्रण योजना | 1 | 500000 | मर्मतसम्भार कोष |
| 2. | गुवाबारी टोल ढल व्यवस्थापन | 3 | 350000 | मर्मतसम्भार कोष |
| 3. | याङखोला चोक घोडावाल टोलदेखि बलेडाँडासम्म मोटरबाटो निर्माण | 4 | 90000 | मर्मतसम्भार कोष |
| 4. | खाँदबारी कल्सेबेसी हुँदै डकेसम्म सडक मर्मत | 3,7 र 6 | 221927 | मर्मतसम्भार कोष |
| 5. | गिद्धेदेखि चेवावेसी सडक मर्मत योजना | 9,8 र 2 | 122711 | मर्मतसम्भार कोष |
| 6. | खाँदबारी जिरोपइन्टदेखि राम्चे हुँदै माल्टा खोला सडक मर्मत योजना | 1 र 7 | 663909 | मर्मतसम्भार कोष |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०३/२३

बैठक संख्याः ३०

बैठक प्रारम्भ समयः विहानको ८:०० बजे बैठक समापन समयः बजे

| | | | | |
|---|---|---|---|---|
| 7. | चेवापानी ट्याङ्की बतासे चाबोटे हुँदै हेलुवावेशी सडक मर्मत योजना | 2,4,10 र 1 | 496524 | मर्मतसम्भार कोष |
| 8. | मानेभन्ज्याङ टोल वि.स. सडकबत्ती मर्मत | 3 | 50000 | मर्मतसम्भार कोष |
| 9. | वरडाँडा चिप्लेगाउँ मोटरबाटो निर्माण | 5 | 154000 | मर्मतसम्भार कोष |
| 10. | भगिवन्त रंगशाला रंगरोगन तथा मर्मत | 4 | 300000 | नगरप्रमुखको कार्यक्रम |
| 11. | त्रिवेणी मेला भलिवल प्रतियोगिता | 9 | 100000 | नगरप्रमुखको कार्यक्रम |
| 12. | मागको आधारमा खेलकुद सामाग्री खरिद कार्य | | 102000 | नगरप्रमुखको कार्यक्रम |
| 13. | कोशी राजमार्ग देखि पांठा धुपु जाने मोटरबाटो मर्मत | 7 | 200000 | नगरप्रमुखको कार्यक्रम |
| 14. | खेमराज गुरुङ स्मृति बृहत सांस्कृतिक कार्यक्रम | 9 | 100000 | नगरप्रमुखको कार्यक्रम |
| 15. | खाँदबारी एफ.एम. सँग हार्दिक समवेदना सम्झौता | 1 | 100000 | नगरप्रमुखको कार्यक्रम |
| 16. | खाँदबारी नगरपालिकाको विभिन्न गतिविधि कार्यको लागि मासिक प्रकाशन संखुवासभा सप्ताहिक | 1 | 50000 | नगरप्रमुखको कार्यक्रम |
| 17. | आहालेधारा चोकदेखि सिंहदेवीथान हुँदै डाँडा गाउँसम्म जाने बाटो ढलान | 8 | 200000 | नगरप्रमुखको कार्यक्रम |
| 18. | सिंहदेविथान मन्दिरको जस्तापाता लगाउने कार्य | 10 | 130000 | नगरप्रमुखको कार्यक्रम |
| 19. | राधाकृष्ण मन्दिर जिर्णोदार | 1 | 100000 | नगरप्रमुखको कार्यक्रम |
| 20. | पिप्ले सामुदायिक भवन निर्माण | 8 | 200000 | नगरप्रमुखको कार्यक्रम |
| 21. | रेजिना कप भलिबल प्रतियोगिता कार्यक्रम सहयोग | 1 | 200000 | नगरप्रमुखको कार्यक्रम |
| 22. | अरुण गोल्डकप कार्यक्रम सञ्चालन | | 300000 | नगरप्रमुखको कार्यक्रम |
| 23. | कोशी राजमार्गबाट बुद्ध श्रेष्ठको घर छेउ हुँदै कृषि सामाग्री संस्थान जाने माटो मर्मत | 1 | 150000 | नगरप्रमुखको कार्यक्रम |
| 24. | नेवा बहुउदेश्यीय सहकारी संस्था कार्यालय व्यवस्थापन | 1 | 100000 | नगरप्रमुखको कार्यक्रम |
| 25. | सिम्ले पहिरो व्यवस्थापन | 11 | 92500 | नगरप्रमुखको कार्यक्रम |
| 26. | थापा डाँडादेखि पाल्ले विरौटा खोल्सी हुँदै ज्ञान बहादुर भण्डारीको घर जाने बाटो मर्मत | 8 | 200000 | नगरप्रमुखको कार्यक्रम |
| 27. | सिंहदेविथान मन्दिरको रिटेनिङ वाल निर्माण | 4 | 200000 | नगरप्रमुखको कार्यक्रम |
| 28. | एभरेष्ट अर्गनिक तथा पशुपालन फर्म सहयोग कार्यक्रम | 4 | 375000 | उपप्रमुखको कार्यक्रम |
| 29. | माट्स नेपाल बालगृह सहयोग कार्यक्रम | 7 | 250000 | उपप्रमुखको कार्यक्रम |
| 30. | विभिन्न वर्गको लागि पाईप खरिद | 10 | 48000 | उपप्रमुखको कार्यक्रम |
| 31. | मनकामना समाज सेवा परिषद् कार्यक्रम खर्च | 9 | 100000 | उपप्रमुखको कार्यक्रम |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदवारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०३/२३ बैठक संख्या: ३०

बैठक प्रारम्भ समय: विहानको ८:०० बजे बैठक समापन समय: बजे

| | | | | |
|---|---|---|---|---|
| 32. | सेकाहा पुस्तकालय व्यवस्थापन | 4 | 100000 | उपप्रमुखको कार्यक्रम |
| 33. | मागको आधारमा कर्मचारी मिलन केन्द्र कार्यालय व्यवस्थापन | 7 | 100000 | उपप्रमुखको कार्यक्रम |
| 34. | सयपत्री टोल बाटो निर्माण | 7 | 150000 | उपप्रमुखको कार्यक्रम |
| 35. | खा.न.पा. ७ चर्च जाने बाटो निर्माण | 7 | 200000 | उपप्रमुखको कार्यक्रम |
| 36. | दमाई धारा मर्मत | 7 | 100000 | उपप्रमुखको कार्यक्रम |
| 37. | सिम्ले परासर चोकदेखि दोभानटार जाने मोटरबाटो निर्माण | 11 | 100000 | उपप्रमुखको कार्यक्रम |
| 38. | भगौडा कोलगैरा सडक निर्माण | 10 | 100000 | उपप्रमुखको कार्यक्रम |
| 39. | नेवा: देय दबु जिल्ला कार्य समिति संखुवासभाको स्थापना दिवस तथा वार्षिक उत्सव र सम्मान कार्यक्रम | | 99000 | उपप्रमुखको कार्यक्रम |
| 40. | धौलेडाँडा डाँडागाउँ मोटरबाटो ट्र्याक ओपन | 10 | 100000 | उपप्रमुखको कार्यक्रम |
| 41. | तल्लो हिंगुवा कुलो मर्मत | 6 | 35000 | विपद् व्यवस्थापन कोष |
| 42. | एकल महिला भवनबाट हाइवेसम्म पुरानो सडक मर्मत | 3 | 75000 | विपद् व्यवस्थापन कोष |
| 43. | प्रहरी गेटछेउबाट बासबारी जाने ड्रेन तथा स्लाव निर्माण साथै हर्कराज विश्वकर्माको घर छेउबाट गुम्वा झर्ने बाटो मर्मत | 1 | 500000 | विपद् व्यवस्थापन कोष |
| 44. | आछामे कुवा मर्मत | 9 | 37000 | मर्मत सम्भारकोष |
| 45. | पधेरे धारा आर. सि. सि. तथा बाटो मर्मत | 9 | 114000 | मर्मत सम्भारकोष |
| 46. | मनकामना दर्पण/ जर्नल प्रकाशन | 9 | 200000 | समपूरक कोष |
| 47. | प्रस्ताव अनुसारको क्रियाकलाप गर्ने गरी | 3 | 100000 | समपूरक कोष |
| 48. | कृष्ण प्रणामी मन्दिर मुनी ढल व्यवस्थापन योजना | 1 | 500000 | |
| 49. | चाँदनी चोकको खारेको माटो ढुवानी | 1 | 41472 | मर्मत सम्भारकोष |
| 50. | गिट्टी बालुवाको कर संकलन गर्न टहरा निर्माण | 9 | 18550 | मर्मत सम्भारकोष |
| 51. | गैरी गाउँ टोल भित्रका बाटोहरु स्तरबृद्धि | 9 | 260000 | मर्मत सम्भारकोष |
| 52. | नगरपालिका मुनिको ढल व्यवस्थापन | 1 | 364000 | मर्मत सम्भारकोष |
| 53. | डाँडाघरेको घरदेखि मोटरबाटो हुँदै विद्यालयतर्फ आउने बाटो स्तरोन्नती | 9 | 498000 | मर्मत सम्भारकोष |
| 54. | सिम्ले मालिङटार पहिरो व्यवस्थापन तथा सडक मर्मत | 11 | 89000 | विपद् व्यवस्थापन कोष |
| 55. | खाँदबारी राम्चे माल्टा खोला सडक अन्तर्गत माल्टा खोला छेउमा सडक मर्मत | 7 | 89000 | मर्मत सम्भारकोष |
| 56. | खाँदबारी जिरोपइन्टदेखि राम्चे हुँदै माल्टाखोला सडक मर्मत योजना | 1 र 7 | 663909 | मर्मत सम्भारकोष |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ६ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| 57. | सभाखोला गेट अगाडीको बाटो मर्मत | 9 | 58586 | नगरप्रमुखको कार्यक्रम |
| 58. | सिंहेश्वरी महादेव मन्दिर कम्पाउण्ड तारवेरा | 9 | 100000 | मर्मत सम्भारकोष |
| 59. | मंगलादेविथानदेखि मिगुर शेर्पाको घर हुँदै हिरामणि घरबाट राजन खड्काको बारी खोल्सी जाने ढल तथा बाटो निर्माण | 3 | 50000 | मर्मत सम्भारकोष |
| 60. | मुडुलागाउँ डिलबाट एक्लेसाल हुँदै लुगाधुनेसम्म गोरेटोबाटो निर्माण | 9 | 100000 | मर्मत सम्भारकोष |
| 61. | ढुङ्गाना गाउँ मिल छेउ सडक मर्मत | 3 | 66000 | मर्मत सम्भारकोष |
| 62. | गौरीटोल देखि तुर्केघाटसम्म जाने गोरेटो बाटो मर्मत | 9 | 85000 | गरिवसँग विशेश्वर कार्यक्रम |
| 63. | घालघोले कुवा संरक्षण तथा मर्मतसम्भार | 9 | 80000 | गरिवसँग विशेश्वर कार्यक्रम |
| 64. | आदर्श सिद्धेश्वर समुहका लागि २५ एम. एम. पोलेथिन पाइप खरिद | 8 | 35000 | गरिवसँग विशेश्वर कार्यक्रम |
| 65. | टंक डाँगीको घरमुनी ढल व्यवस्थापन योजना | 7 | 15097 | विपद् व्यवस्थापन कोष |
| 66. | रक्त सञ्चार कार्यक्रम सहयोग | 1 | 70000 | विपद् व्यवस्थापन कोष |
| | **जम्मा** | | **11540185** | |

७. चालु आर्थिक बर्षमा सम्झौता भई कार्यसम्पन्न भएका तर बजेट कटौतीका कारण यसै आ.ब. मा भुक्तानी गर्न नसकिएका आयोजना तथा कार्यक्रमहरु साथै कार्यसम्पन्न हुन बाँकी आयोजना तथा कार्यक्रमहरु समेतको म्याद आगामी आर्थिक बर्ष २०८०/०८१ को कार्तिक मसान्तसम्म थप गरी त्यस्ता आयोजना तथा कार्यक्रमहरुको दायित्व आगामी आर्थिक बर्षमा सार्दै भुक्तानीको व्यवस्था गर्न निर्णयार्थ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकाले चालु आर्थिक बर्ष ०७९/८० मा निर्माण गरेको भू-उपयोग योजना उपर छलफल गरी पारित गर्दै आगामी नगरसभामा स्वीकृतार्थ पेश गर्ने निर्णय गरियो । उक्त भू उपयोग योजनाको विस्तृत अध्ययन गरी आगामी नगरसभामा पेश गर्न निम्न समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

क. डम्बर बहादुर घले, संयोजक, पूर्वाधार विकास समिति - अध्यक्ष

ख. नरेन्द्र कुमार राई, कार्यपालिका सदस्य - सदस्य

ग. देब बहादुर पुवार मगर, वडा अध्यक्ष, वडा नं. ७ - सदस्य

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

घ. इन्द्रमाया बराइली, कार्यपालिका सदस्य - सदस्य

ङ. विजय कुमार खड्का, इन्जिनियर - सदस्य सचिव

९. खाँदबारी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) उपर छलफल गरी पारित गर्दै आगामी नगरसभामा स्वीकृतार्थ पेश गर्ने निर्णय गरियो । उक्त प्रतिवेदनको विस्तृत अध्ययन गरी आगामी नगरसभामा पेश गर्न निम्न समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. भरतकुमार घिमिरे, संयोजक, लेखा समिति - संयोजक

ख. डम्बरबहादुर कटुवाल, वडा अध्यक्ष, वडा नं. ८ - सदस्य

ग. अर्जुन तामाङ, वडा अध्यक्ष, वडा नं. ६ - सदस्य

घ. अनिल राई, वडा अध्यक्ष, वडा नं. ११ - सदस्य

ङ. निरञ्जन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. १ - सदस्य

च. पवित्रा गुरुङ, का.वा. अध्यक्ष, वडा नं. ४ - सदस्य

छ. गुणराज खत्री, आ.ले.प. अधिकृत - सदस्य

ज. रुद्रमणी श्रेष्ठ, लेखा अधिकृत - सदस्य

झ. लवहाङ राई, प्रशासकीय अधिकृत - सदस्य सचिव

१०. नगरस्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले चालु आर्थिक बर्ष २०७९/८० मा अनुगमन गरेका आयोजना तथा कार्यक्रमसमेत समेटिएको प्रतिवेदन उपर छलफल भई पारित गर्दै आगामी नगरसभामा स्वीकृतार्थ पेश गर्ने निर्णय गरियो ।

११. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण दिग्दर्शन, २०७८ अनुसार निम्नानुसार कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. उपप्रमुख महेश्वरा श्रेष्ठ बज्राचार्य संयोजक

ख. इन्द्रमाया बराइली सदस्य

ग. खेमराज निरौला सदस्य

१२. खाँदबारी नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आचार संहिता, २०८० स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बैठक मितिः २०८०/०३/२३ बैठक संख्याः ३०

बैठक प्रारम्भ समयः विहानको ८:०० बजे बैठक समापन समयः बजे

१३. यस नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुले नियमानुसार भरी पेश गरेको कार्यसम्पादन मूल्याङ्कन फारामहरु **करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८** बमोजिम मूल्याङ्कनको लागि देहाय अनुसारको पुनरावलोकन समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय :**

प्रमुख प्रशासकीय अधिकृत श्री युवराज आचार्य - संयोजक

नगर शिक्षा अधिकृत श्री दीपकमणि घिमिरे - पुनरावलोकनकर्ता

प्रशासकीय अधिकृत श्री लवहाङ राई - सुपरीवेक्षक

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत